मिति २०७९।१२।१५ गते राष्ट्रिय किसान आयोगको आयोजनामा सरोकारवाला निकायहरुसँग रासायनिक मलको अवस्था सम्बन्धी छलफल तथा अन्तरकृया कार्यक्रम राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालज्यूको अध्यक्षतामा सम्पन्न भयो।

उक्त कार्यक्रममा राष्ट्रिय किसान आयोगका सदस्यज्यूहरु, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सह सचिव डा. राजेन्द्र प्रसाद मिश्रज्यू, कृषि सामग्री कम्पनीका का.मु.प्रवन्ध संचालकज्यू, साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडका सहायक प्रमुख कार्यकारी अधिकृतज्यू, बिभिन्न किसान संघ,संगठनका प्रतिनिधिज्यूहरु र संचारकर्मीज्यूहरुको उपस्थित रहेको थियो।

कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सह सचिव डा. राजेन्द्र प्रसाद मिश्रज्यूले **"रासायनिक मलको उपयोगिता, उपलब्धता र चुनौती"** सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भयो भने विभिन्न किसान संघ/संगठनका प्रतिनिधिज्यूहरुले कार्यपत्रमा प्रस्तुत भएको विषयमा जिज्ञासा राख्नु भयो र उक्त जिज्ञासाहरुलाई डा. राजेन्द्र प्रसाद मिश्रज्यूले थप स्पष्ट पार्नु भएको थियो ।

अन्तमा बैठकका अध्यक्ष एंव राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालज्यूबाट यस कार्यक्रमबाट रासायनिक मलको हालको अवस्था के छ भन्ने जानकारी प्राप्त भयो, रासायनिक मल कृषकहरुलाई सहज रुपमा समयमै उपलब्ध गराउन सार्वजनिक खरिद ऐन सुधार गरिनु पर्ने, रासायनिक मल आपूर्ति श्रृङखलालाई ब्यवस्थित गर्नु पर्ने, रासायनिक मल वितरण समितिमा सैद्धान्तिक र नीतिगत हिसाबले राष्ट्रिय किसान आयोग र किसान संघ संगठनको समेत प्रतिनिधित्व हुनु पर्ने, किसानलाई रासायनिक मलमा दिँदै आएको अनुदान कटौति हुनु हुदैन यस विषयमा किसान संघ, संगठनहरु सचेत हुनुपर्ने विषयमा जोड दिँदै कार्यक्रम समापन गर्नु भयो।






SURYA




SURYA


SURYA











नवौं विश्व माटो दिवस, २०२२